तानसेन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

लुम्बिनी प्रदेश,नेपाल

०७५-५२०१०१,५२०८११,५२०२०१,५२०१२१

info@tansenmun.gov.np

ito. tansenmun@gmail.com


मितिः-२०८३/०२/२२

नेपाल सम्बत् ११४६ अनालागा ०५ शुक्रबार

---

विषयः चालु आर्थिक वर्षको भुक्तानी, खाता बन्द तथा वित्तीय व्यवस्थापन सम्बन्धमा ।

श्री विषयगत शाखा (सबै),

श्री वडा कार्यालय (सबै),

श्री निर्माण व्यवसायी (सबै),

श्री उपभोक्ता समिति (सबै),

श्री सरोकारवाला संघ-संस्था (सबै)।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी प्रचलित कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी निकासा तथा खर्चको लेखा अद्यावधिक गरी नियमित भुक्तानी प्रक्रिया बन्द गर्नुपर्ने व्यवस्था रहेको छ । साथै आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा अत्यधिक कार्यचाप रहने, कर दाखिला, संघ तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता, प्रतिवेदन तयारी, कोष तथा लेखा नियन्त्रण कार्यालयमा आवश्यक विवरण पेश गर्ने तथा वार्षिक हिसाब मिलान लगायतका कार्यहरू समेत सम्पन्न गर्नुपर्ने भएकाले यस नगरपालिकाबाट सञ्चालित सम्पूर्ण योजना, कार्यक्रम तथा गतिविधिहरू मिति २०८३/०३/१० गतेभित्र पूर्ण रूपमा सम्पन्न गरी आवश्यक कागजातसहित भुक्तानीका लागि मिति २०८३/०३/१५ गतेभित्र पेश गर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ साथै योजना तथा कार्यक्रम सम्पन्न नभएको वा भए पनि कागजात जाँचपास गर्ने तथा अनुगमन गर्ने अवधि समेत नराखी अन्तिम समयमा मात्र कागजात पेश गरी भुक्तानी प्रक्रिया बन्द भएमा त्यसबाट उत्पन्न हुने जिम्मेवारी सम्बन्धित पक्ष स्वयंमा रहने र भुक्तानी गर्न कार्यालय बाध्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ तसर्थ, आर्थिक वर्षको अन्त्यमा हुने कार्यचापलाई मध्यनजर गर्दै योजना तथा कार्यक्रमहरू समयमै सम्पन्न गरी भुक्तानी, लेखांकन तथा वित्तीय व्यवस्थापनका कार्यहरू सहज र व्यवस्थित बनाउन आवश्यक समन्वय तथा सहकार्य गरिदिनु हुन हार्दिक अनुरोध छ ।

(चेतनाथ गिरी)

प्रमुख प्रशासकीय अधिकृत

CamScanner